का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २१४

❒ २ असोज २०७८, शनिबार

❒ 18 September 2021, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।



तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौंडास्थित पञ्चमुनिदेव माध्यमिक विद्यालयमा कक्षा १२ को परीक्षा दिएर निस्कँदै विद्यार्थी । कोरोना महामारी रोकथाम गर्न सरकारले लामो समयदेखि विद्यालय बन्द गरिदै आएको थियो । तस्वीरः कृष्ण न्यौपाने, रासस

संविधान दिवस भव्यरूपमा मनाऔं

- असोज ३ गते संविधान जारी भएको दिन, राष्ट्रिय दिवसका रूपमा मनाऔं,
- असोज २,३ र ४ गते यो दिवस विविध कार्यक्रम आयोजना गरी मनाऔं,
- संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय गरौं : संविधान दिवसको महत्व बढाऔं,
- घरघरमा राष्ट्रिय झण्डा फहराऔं, साँझ दीपावली गरौं ।

'कोभिड-१९ संक्रमणको बेला नेपाल सरकारले जारी गरेको मापदण्ड पालना गर्न नबिर्सौं'

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेतृत्व हत्याउन नयाँ समीकरण

पटकपटक महाधिवेशन कार्यतालिका संशोधन र सर्दै आएको सत्तारुढ नेपाली काँग्रेसभित्र नेतृत्व हत्याउन नयाँ शक्ति समीकरण निर्माण हुन पुगेको छ । संस्थापन र संस्थापन इतरले साझा उम्मेदवार तयार पार्न नसकिरहेका बेला नेताहरुले आफ्नै समूह निर्माणमा जोड दिएका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ असोज ।

क्रियाशील सदस्यता विवाद नटुंगिदा नेपाली काँग्रेसको २० जिल्लामा वडा अधिवेशन नै हुन सकेको छैन । ५७ जिल्लाको वडा अधिवेशन सकिएको छ भने १० जिल्लाको क्रियाशील सदस्यता विवाद टुंगिएको छ । तर १० जिल्लामा अझै विवाद कायमै छ । क्रियाशील सदस्यता विवाद नटुंगिदा १४औं महाधिवेशन कार्यतालिका संशोधन भइसकेको छ ।

२७ भदौमा हुनुपर्ने स्थानीय तह (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका) को अधिवेशन वडा अधिवेशन नभएकै कारण सरेको छ । अधिवेशन विवादित बनिरहँदा नेतृत्व हत्याउन भने काँग्रेसभित्र नयाँ-नयाँ शक्ति समीकरण बन्न पुगेको छ ।

सभापति शेरबहादुर देउवाले नेतृत्वमा दोहोरिने तयारी गरेपछि संस्थापनभित्रै नयाँ शक्ति समीकरण बन्न पुगेको छ । उपसभापति विमलेन्द्र निधिले सभापतिमा उम्मेद्वारी दिनेगरी नयाँ समीकरण बनाएका छन् । निधिको टीमबाट विश्वप्रकाश शर्माले महामन्त्रीमा उम्मेद्वारी दिने अनुमान गरिएको छ । सुन्दरीजल पुगेर महामन्त्रीमा उम्मेद्वारी दिएका शर्माले निधि सहितको तस्वीर सार्वजनिक गरेर नयाँ समीकरण बनेको संकेत दिएका छन् । यसअघि निधि उपसभापति र शर्मालाई प्रवक्ताको जिम्मेवारी देउवाले दिएका थिए ।

सभापति देउवाको टीमबाट गोपालमान श्रेष्ठले पनि विद्रोहको चेतावनी दिएका छन् । पूर्वउपसभापति श्रेष्ठले सभापतिमा उम्मेद्वारी दिने घोषणा गरेका छन् । श्रेष्ठले लामो समयदेखि देउवालाई साथ दिदै आएका थिए ।

देउवा, निधि र श्रेष्ठ संस्थापनबाटै उम्मेद्वार बन्ने देखिएका बेला संस्थापन इतर समूहबाट भने सात जनाले सभापतिमा उम्मेद्वारी दिने घोषणा गरेका छन् । बरिष्ठ नेता रामचन्द्र पौडेलले साझा उम्मेद्वार तयार पार्ने यसअघि बताएका थिए । पत्रकार सम्मेलन गरेरै पौडेलले साझा उम्मेद्वारी दिने बताएका थिए ।

तर अहिलेसम्म साझा उम्मेद्वार भन्दा पनि आफ्नै समीकरण सहित उम्मेद्वारी दिने देखिएको छ । यसअघि रामचन्द्र पौडेल समूहमा रहेका प्रदीप पौडेलले महामन्त्रीको घोषणा गरे । पौडेल पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला समूहबाट महामन्त्रीको उम्मेद्वार बन्ने बताएका बाँकी पृष्ठ २ मा

# मिलेन पोल विवाद




**सिबी भट्टराई/मध्यान्द**
काठमाडौं, १ असोज ।

'पोल विवाद' मिलाउन भन्दै नेपाल दूरसंचार प्राधिकरणले आयोजना गरेको सरोकारवालाहरुबीचको बैठक नेपाल विद्युत प्राधिकरणले बहिस्कार गरेको छ । सरकारको एउटा निकायले आयोजना गरेको बैठक अर्को निकायले वहिस्कार गरेको संभवतः पहिलो घटना हो ।

नेपाल विद्युत प्राधिकरणले केही दिन अघि असोज १५ पछि परिमार्जित दरअनुसार, पोलभाडा सम्झौता नगरे आफ्नो पोलहरु प्रयोग गर्न नदिने जनाएपछि दूरसंचार प्राधिकरणसँगको विवाद शुरु भएको थियो ।

> पोलभाडा सम्झौता नगरे आफ्नो पोलहरु प्रयोग गर्न नदिने जनाएपछि दूरसंचार प्राधिकरणसँगको विवाद शुरु भएको छ ।

दूरसंचार प्राधिकरणबाट अनुमति लिएका नेपाल टेलिकमको साथै नीजि क्षेत्रका दूरसंचार सेवा प्रदायक कम्पनीहरुले नेपाल टेलिकमको पोल प्रयोग गर्दै आएका छन् । आफ्नो शर्त अनुसार, नयाँ सम्झौता नगरे आफ्नो पोल प्रयोग गर्न नदिने नेपाल विद्युत प्राधिकरणको घोषणापछि दूरसंचार सेवा प्रदायक अधिकांश कम्पनीहरुको सेवा अवरुद्ध हुने अवस्था रहेको छ । बाँकी पृष्ठ २ मा

## एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको आश्वासन

# 'वैदेशिक रोजगार क्षेत्रका समस्या उचित ढंगले सम्बोधन हुन्छ'

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, १ असोज

नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले वैदेशिक रोजगार क्षेत्रका पेशागत समस्यालाई उचित ढंगले सम्बोधन गरिने आश्वासन दिएका छन् ।

पार्टी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको राजधानीमा शुक्रबार आयोजित वृहत कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष नेपालले वैदेशिक रोजगार व्यवसायीका समस्या बेरोजगारीसँग जोडिएको भन्दै समाधानका लागि सरकारमा रहँदा पहल गर्ने बताए ।

उनले भने, 'सहज बनाइदिने काम सरकारले गर्नुपर्ने छ । समस्या थप गर्ने कानून बनाउन हुँदैन । अघिल्लो सरकारले प्रतिगामी साँठगाँठ गरेर व्यवसायीलाई समस्यामा पार्न कतिपय अवस्थामा पुर्वाग्रहपूर्ण निर्णय गरेको छ, त्यस्ता निर्णय परिवर्तन गरिनेछ । तर विपन्न अवस्थामा रहेका कामदारलाई नठग्न मेरो आग्रह छ । वैदेशिक रोजगारमा पठाउन २ लाख लिएकोमा जालझेल गरेर २६ लाख पुर्‍याएको पनि पाइएको छ । त्यस्तालाई निमिट्यान्न पार्न प्रधानमन्त्री शेरबहादुर देउवादेखि सत्तारूढ गठबन्धनका सबै नेताहरूलाई भनेको छु । जनताको पीडाले पोल्नुपर्छ । शोषण गरेर होईन असल भएर पूँजीपति बन्नुपर्छ ।'

कार्यक्रममा बिशेष अतिथिको आशनबाट बोलेगा प्रतिनिधिसभा सदस्य किसान श्रेष्ठले नवगठित संगठनको माध्यमबाट व्यवसायीका समस्या समाधानका लागि आफुले पहल गर्ने आश्वासन दिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यवाहक अध्यक्ष कमल तामाङले मन्त्रालयमा मन्त्री बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन गठन

**काठमाडौं/मस-** नेकपा एमालेबाट विभाजित नेकपा एकीकृत समाजवादीले बज्र ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक सन्त कुमार लामाको अध्यक्षतामा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन गठन गरेको छ । शुक्रबार राजधानीको नयाँ बानेश्वरस्थित अर्याल होटलमा वृहत कार्यकर्ता भेला आयोजना गरी लामाको अध्यक्षतामा संगठनको ३१ सदस्यीय कार्यसमिति गठन गरेको हो ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले भेलाको उद्घाटन गरेका थिए । लामा नेकपा एमाले निकट नेपाल प्रगतिशील वैदेशिक रोजगार बाँकी पृष्ठ २ मा



# कर छल्न लिचीको साहरा

फलफूलको कार्टुनमा मदिरा तस्करी, राजश्वकै कर्मचारीको मिलेमतोको आशंका

**आचार्य प्रदिप/मध्यान्ह**
बुटवल, १ असोज ।

रुपन्देहीका मदिरा उद्योगहरुले कर छली गर्न लिचीको सहारा लिने गरेको खुलेको छ । नक्कली स्टीकर प्रयोग गरेको आशंकामा माउण्ट एभरेष्ट डिष्टिलरीका सञ्चालक प्रविन्द्र गोविन्द श्रेष्ठ पक्राउ परेपछि यो तथ्य खुलेको हो ।

लु २ च २५० नम्बरको गाडीमा भारततर्फबाट ल्याएर भैरहवाको एक घरमा लुकाइएको नक्कली स्टीकर सहित २३ वर्षीय सहिद अन्सारी र २४ वर्षीय अमानत अली पक्राउ परेका थिए । उनीहरुले दिएको सूचनाको आधारमा श्रेष्ठ पक्राउ परेका हुन् । अहिले उनीहरुलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको छ ।

श्रेष्ठ सहित अधिकांश मदिरा उद्योगले लिची लगायत फलफूलका कार्टुनभित्र नक्कली स्टिकर टांसेर मदिराको ढुवानी गर्दै आएका छन् । एक अनुसन्धान अधिकृतका अनुसार, मदिरा व्यवसायीहरुले भन्सारमा समेत 'लिची' भनेर मदिरा आयात गर्ने गरेका छन् । यसमा भन्सार र राजश्व प्रशासनकै कर्मचारीको समेत मिलेमतो हुन सक्ने आशंका गरिएको छ ।

मदिरा उद्योगमा आन्तरिक राजस्व कार्यालयका कर्मचारीकै निगरानीमा अन्तःशुल्कका स्टीकर बोतलमा टाँसिन्छन् । तिनै कर्मचारीको रोहबरमा राजस्व तिरेपछि मदिरा बजार पठाउने कानूनी गरिन्छ । त्यसैले राजश्व कार्यालयका कर्मचारीको मिलोमतो नभई उद्योगले मात्रै नक्कली स्टीकर लगाउन नसक्ने उद्योगी बताउँछन् ।

राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख राजन बिसीले केही मरिा उद्योगमा छापा मारिएको पुष्टि गरे पनि अनुसन्धानकै क्रममा रहेकोले थप कुरा भन्न नमिल्ने बताए । नक्कली स्टीकर प्रयोग गरेको आशंकामा केही दिन अघि रुपन्देहीको मधवलियामा रहेको क्रिष्टल डिष्टीलरीमा छापा मारिएको थियो ।

त्यसबारेमा पनि अहिले विस्तृत रुपमा अनुसन्धान भैरहेको राजश्व कार्यालय स्रोतले जानकारी दिएको छ ।

# सुनको लोभले आफ्नै हजुरआमाको हत्या

तरुणा जोशी/मध्यान्ह
बभ्काङ, १ असोज

बभ्काङमा आफ्नै हजुरआमाको हत्याका आरोपीलाई जिल्ला प्रहरी कार्यालय बभ्काङले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ। बजैको हत्या गरेको आरोपमा बिहीबार पक्राउ परेका दुर्गाथली गाउँपालिका वडा नम्बर ५ का २३ वर्षीय सुवास जप्रेललाई प्रहरीले शुक्रबार सार्वजनिक गरेको हो ।

सुवास जप्रेलले भदौ २७ गते बिहान ८ देखि ९ बजेको समयमा हसिया प्रयोग गरी ८५ वर्षीया आफ्नै हजुरआमा रिखीदेवी जप्रेलको हत्या गरेका थिए ।

एउटै घरमा बस्दै आएका सुवासले हजुरआमाको हत्या गरी आँगन नजिकै गाडेको अवस्थामा ३० गते नै प्रहरीले शव फेला पारेको थियो । सुवासले हजुरआमाको कानमा लागाएका २ थान सुनका मुन्द्रा र नाकमा लगाएको १ थान सुनको मुन्द्रीको लोभले हत्या गरेको स्वीकार गरेको प्रहरी नायब उपरिक्षक रुपक खड्काले पत्रकार सम्मेलनमा जानकारी दिए ।

घटना २७ गते बिहान भएको र दिउँसो उक्त गहना बिक्री गरी फेरि बेलुकी घटनास्थलमा पुगी भित्र भएको शवलाई तानेर घर आगनकै नजिकै खाल्डो खनेर गाढेको जप्रेलले स्वीकार गरेका छन् ।

२७ गते घटना भएको भएपनि प्रहरीलाई भने खबर ३० गते मात्रै भएको थियो । वडा नम्बर ५ का वडा अध्यक्ष समेत रहेका राम बहादुर जप्रेलले आमालाई २७ गतेदेखि घरमा नदेखेपछि प्रहरीलाई खबर गरेका थिए । घरभित्र हेर्दा रगतका छिटा समेत देखेपछि उनले प्रहरीलाई खबर गरेको प्रहरीले जनाएको छ । त्यती बेलासम्म हत्याका आरोपी सुवास परिवारकै सम्पर्कमा थिए । सुवास २८ गते सदरमुकाम चैनपुरसम्म पुगेर केही कपडा खरिद गरी कपालमा समेत रातो मेहन्दी लगाको खुलेको छ ।

प्रहरीको टोली घटनास्थलमा पुग्नेबारे जानकारी पाएपछि सुवास गाउँबाट ३१ गते बिहान भाग्दै गरेको अवस्थामा दुर्गाथली गाउँपालिका ७ को लौवादेब डाँडाबाट पक्राउ गर्न प्रहरीको टोली सफल भएको जनाएको छ । प्रहरीले घटनाको विस्तृप्तरुपमा अनुसन्धान गरी रहेको जनाएको छ ।

# उपत्यकामा सिताके च्याउको माग उच्च



काठमाडौं उपत्यकामा सिताके च्याउको माग उच्च छ । तर उत्पादन न्यून भएका कारण माग धान्न सकिएको छैन । उत्पादन कम हुँदा माग धान्न नसकी उपत्यका बाहिरबाट पूर्ति गर्नुपरिरहेको मसरुम सिड नेपाल प्रालि ठिमीका आकाश बादे बताउँछन् । सिताके च्याउ उत्पादनका लागि काठको मुढा प्रयोग गर्नुपर्ने र उपत्यकामा त्यो त्यती सम्भव नभएको हुँदा केही फर्म मात्र सञ्चालन छन् । ती सीमित फर्मबाट उत्पादन हुने सिताके च्याउले उपत्यकाको माग धान्न नसकेको उनले बताए । उपत्यकाभन्दा बाहिरी जिल्लामा काठ सस्तो हुने तथा किसानको आफ्नै खेत बारीमा भएका रुख काटेर त्यसमा फलाउन सकिने भएकोले यसको प्रमुख उत्पादन भनेकै ग्रामिण भेग भएको बादे बताउँछन् ।

उपत्यकामा च्याउका जातमध्ये सबैभन्दा बढी कन्य च्याउको उत्पादन हुने गरेको छ । कन्य च्याउ सजिलै उत्पादन गर्न सकिने र थोरै समयमा उत्पादन हुनेहँदा प्रायः कृषकहरु पनि कन्य च्याउ तर्फ नै आर्कर्षित देखिन्छन् ।

उपत्यका बाहिरका सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप, धादिङ, नुवाकोट आदि स्थानहरुबाट उत्पादित च्याउ उनले संकलन गरेर उपत्यकामा बेच्ने गरेका छन् । उपत्यका बाहिरका उत्पादन भएका च्याउले बजार नपाए आफुलाई निर्धक्क सम्पर्क गर्न सकिने बादे बताउँछन् ।

च्याउको बजारमा माग बढी हुँदा उत्पादन कम र उत्पादन बढी हुँदा माग कम हुने हुँदा व्यवस्थापनमा एकदमै समस्या हुने गरेको उनी बताउँछन् । यस्तो अवस्थामा उत्पादन बढी भएका बेला कोल च्याम्बरमा राखेर बिक्री गरिने र कोल च्याम्बरमा राखेर पनि बेच्न सकिएन भने ड्रायरमा राखेर सुकाएर बेचिने उनी बताउँछन् । होटल व्यवसायी सागर थापाका अनुसार पहिले सिताकेको बजार पाँचतारे होटल, रेष्टुराँ भएको र हाल आएर सर्वसाधारणले पनि प्रयोग गर्ने भएकाले यसको माग बढेको हो । त्यस्मा पनि साकाहारी मानिसहरु बढीजसो सिताके च्याउ खान रुचाउने भएकाले पनि अहिले बजारमा माग बढी छ ।

**सिताके च्याउले नै कृषक आत्मनिर्भर**

व्यवसायी आकाश बादेका अनुसार सिताके च्याउमै पनि कृषक आत्मनिर्भर बन्न सक्छन् । अहिले बजारमा सिताकेको उच्च माग भएको र मूल्य पनि राम्रै भएका कारण बजार नपाउने भन्ने समस्या नभएकाले जति उत्पादन भएपनि सजिलै बजार पाउने उनी बताउँछन् । उपत्यका बाहिर बजार नपाएको खबर सुन्दा खल्लो लागेपनि बजार नपाएमा आफ्नो सम्पर्कमा आए आफुले बिक्री गरिदिने बादे बताउँछन् ।

## नेतृत्व...

छन् । १३औं महाधिवेशनमा सिटौलाको महामन्त्रीका रुपमा गगन थापाले उम्मेद्वारी दिएका थिए ।

थापाले यसपटक पनि महामन्त्रीमा उम्मेद्वारी दिने घोषणा गरेका छन् । स्रोतका अनुसार, यसपटक थापा सिटौला समूहमा नरहने संभावना छ । उनी पौडेल समूहबाट उम्मेद्वार बन्ने संभावना छ । तर पौडेल समूहभित्र पनि सभापतिको साझा उम्मेद्वार तयार हुन सकेको छैन ।

## मिलेन...

विवाद जारी रहेकै बेला हिजो बिहीबार इन्टरनेट सेवा प्रदायक संघ नेपालले इन्टरनेटको भाउ बढाउने निर्णय गरेको थियो । संघले सहरी क्षेत्रमा प्रतिपोर्ट १५० रुपैयाँ र ग्रामीण क्षेत्रमा ३०० रुपैयाँ बढाउने निर्णय गरेको छ । फलस्वरुप विद्युत प्राधिकरण र दूर संचार सेवा प्रदायकहरुको विवादबाट उपभोक्ताहरु पीडित भएका छन् । मूल्य वृद्धि विरुद्ध उपभोक्तासमेत आन्दोलन गर्ने तयारीमा छन् ।

'पोल विवाद' ले उग्ररुप लिएपछि समस्या समाधानको लागि भन्दै शुक्रबार बिहान ११ बजे दूरसञ्चार प्राधिकरणले आह्वान गरेको बैठकमा विद्युत प्राधिकरणले वहिस्कार गर्‍यो । यद्धपी विद्युत प्राधिकरणका अधिकारीहरु बैठक वहिस्कार भन्दा पनि आफूहरुलाई जानकारी नदिएकोले उपस्थित नभएको दावि गर्छन् । 'हामीलाई बोलाउदै नबोलाई बैठकमा सहभागि भएन, बहिस्कार गर्‍यो भनेर प्रचार गरिएको छ । वास्तविकता त्यस्तो होइन । बैठकको बारेमा हामीलाई कुनै जानकारी नै दिइएको छैन । खबर नै नगरिएको बैठकमा सहभागी कसरी हुने ?' विद्युत प्राधिकरणका एक अधिकारीले मध्यान्हसंग भने ।

विद्युत प्राधिकरणले बहिस्कार गरेपछि सुक्रबारेको बैठक अनिर्णित भएको छ । अर्को बैठक असोज ८ गते सुक्रबार आयोजना गरिएको छ । त्यो बैठक पनि विद्युत प्राधिकरणले बहिस्कार गरेमा सूचना तथा संचार प्रविधि मन्त्रालयलाई समस्या समाधानको लागि पहल गरिदिन औपचारिकरुपमै अनुरोध गरिने जानकारी दूरसंचार प्राधिकरणका एक अधिकारीले जानकारी दिए ।

नेपाल विद्युत प्राधिकरणले २०७७ माघमा विगत १५ वर्षदेखि कायम दररेट समय सापेक्ष नभएको भन्दै पोल बढाएको थियो । प्राधिकरणले ६६ केभी र सोभन्दा बढी क्षमताको प्रसारण लाइनमा जडित फाइबर कोरको भाडादर १६ हजार ४०० बाट ३२ हजार रुपैयाँ तथा ३३ केभी वा सोभन्दा कम क्षमता (एडीएसएस अप्टिकल फाइबर) भोल्टेजस्तरको वितरण लाइनमा जडित फाइबर कोरको हकमा प्रति किमि, प्रति वर्ष, प्रति फाइबर कोरको भाडादर १५ हजार रुपैंयाबाट ३० हजार रुपैयाँ कायम गरेको थियो ।

विद्युत प्राधिकरणको त्यो निर्णय फिर्ता लिन नेपाल दूरसञ्चार प्राधिकरणले अनुरोध गर्दै आएको थियो । तर, विद्युत प्राधिकरणले भने आफूले समय सापेक्ष रुपमा भाडा दर कायम गरेकोले निर्णय फिर्ता नहुने अडान लिदै आएको छ ।

## एकीकृत...

नभएका कारण सुधारका धेरै काम थाती रहेको भन्दै व्यवसायीले कम्तीमा एक महिनाको सेवा शुल्क र तत्काल कार्यालय सञ्चालन गर्न राखेको धरौटीबाट ५० प्रतिशत फिर्ता हुनुपर्ने माग राखे ।

इजरायलमा सरकारले कामदार पठाउने र पौने दई लाख लिने, कोरियामा एक लाख बराबर लिई नेपाल सरकारले एजेन्टको काम गरेकाले वर्तमान सरकारले त्यसलाई रोक्नुपर्ने भन्दै कार्यवाहक अध्यक्ष तामाङले मुलुकका ५६ प्रतिशत घरधुरीसँग प्रत्यक्ष जोडिएको वैदेशिक रोजगार क्षेत्रलाई अविभावकविहीन सरह बनाएको गुनासो सुनाए ।

उनले संघको आगामी साधारणसभा मंसिर २७ गते हुने जानकारी पनि दिए ।

कार्यक्रममा एनआरएनएका पूर्व उपाध्यक्ष तथा सल्लाकार टिवी कार्की, नेपाल बैदेशिक रोज़गार व्यवसायी संघका पूर्व अध्यक्ष हंशराज वाग्ले लगायतले वैदेशिक रोजगार व्यवसायीका समस्याबारे प्रकाश पारेका थिए । वाईबि राईको अध्यक्षता र मधुकर रिजालको संचालनमा सम्पन्न वृहत कार्यकर्ता भेलामा बाबुराम खड्का र अनिल बोगटीले स्वागत मन्तव्य राखेका थिए ।

## एकीकृत...

व्यवसायी मञ्च नेपालका उपाध्यक्ष थिए ।

संगठनको वरिष्ठ उपाध्यक्षमा इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक वाई बि राई, उपाध्यक्षमा सुप्रिम ओभरसिज प्रा.लि.का सञ्चालक बाबुराम खड्का, मिथिला इन्टरनेशनल प्रा.लि.की सञ्चालक अन्जुला यादव र जबस्पट इन्टरनेशनल प्रा.लि.का सञ्चालक अर्जुन सापकोटा रहेका छन् ।

त्यस्तै महासचिवमा इम्प्लोइमेण्ट लिंक प्रा.लि.का सञ्चालक मधुकर रिजाल, उप महासचिवमा ओमेगा इन्टरनेशनल प्रा.लि.का सञ्चालक नवराज लुईंटेल, पर्फेक्ट डेष्टिनेशन प्रा.लि.का सञ्चालक मोहनबहादुर स्याङ्वा रहेका छन् ।

संगठनमा पाँच जना सचिव रहेका छन् । सचिवहरूमा क्रमशः अजम्बरी ओभरसीज प्रा.लि.का सञ्चालक टक्कर पाखिन, कन्फिडेण्ट एचआर सोलुसन प्रा.लि.का सञ्चालक अनिल बोगटी, शेखर राई, प्रितम इम्प्लाइमेन्ट प्रा.लि.का सञ्चालक केदार राई र क्वालिटी इन्टरनेशनल सर्भिसेज प्रा.लि.का सञ्चालक बसन्त कार्की रहेका छन् । कोषाध्यक्षमा आसिन ओभरसिज प्रा.लि.की सञ्चालक सरस्वती सुवेदी रहेकी छन् ।

यस्तै सदस्यहरूमा सुफि इन्टरनेशनल प्रा.लि.का सञ्चालक बिन्देश्वर यादव, आयुश ओभरसिज प्रा.लि.का सञ्चालक राहुल साह (कामेश्वर), फेसिलिटी इन्टरनेशनल प्रा.लि.का सञ्चालक रोहित दुलाल, अल करिम प्रा.लि.का सञ्चालक तैयव मोहम्मद, न्यु लाइट इण्टरनेशनल प्रा.लि.का सञ्चालक सुर्य चौधरी, हित ओभरसिज प्रा.लि.का सञ्चालक भुवन सिंह पुन, सोनी इन्टरनेशनल प्रा.लि.का सञ्चालक जयनाथ श्रेष्ठ, माहद म्यानपावर प्रा.लि.का सञ्चालक ईश्वर श्रेष्ठ, नेपाल एचआर प्रा.लि.का सञ्चालक ब्रहमदेव राय यादव, बोन मेनपावर प्रा.लि.का सञ्चालक शिव बहादुर कुँवर, एसआर ग्रुप कन्सल्टेन्सी प्रा.लि.का सञ्चालक राधा मोहन प्रसाद जैसवाल, अर्थ स्मार्ट प्रा.लि.का सञ्चालक सुरेश महतो, जे बि आर एसोसियट प्रा.लि.का सञ्चालक समद शाह, डाइनामिक एचआर शोलुशन प्रा.लि.का सञ्चालक पूर्ण बहादुर लिम्बू, एसएन इन्टरनेशनल प्रा.लि.का सञ्चालक मनकाजी तामाङ, एसआर ग्रुप अफ कम्पनी प्रा.लि.का सञ्चालक सुनिल केसी र युनिभर्सल एचआर सोलुसनका प्रा.लि.का सञ्चालक माधव बोहरा रहेका छन् ।

रारा इम्प्लाइमेन्ट प्रा.लि.का सञ्चालक ज्ञान प्रसाद गैरे, के एल इम्प्लाइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक कमल सापकोटा, न्यु वर्व्ड ओभरसिज प्रा.लि.का सञ्चालक तिला काप्री र बेष्ट एचआार सोलुसन प्रा.लि.का सञ्चालक गोपाल भण्डारी सल्लाहकारमा चयन भएका छन् । संगठनका पदाधिकारी तथा सदस्यहरूलाई पार्टी स्थायी समिति सदस्य मुकुन्द न्यौपानेले पद तथा गोपनिताको शपथ गराएका थिए ।

गैरे एकीकृत समाजवादीमा प्रवेश

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व प्रथम उपाध्यक्ष ज्ञानु गैरे नेकपा एकीकृत समाजवादी पार्टीमा प्रवेश गरेका छन् । शुक्रबार पार्टी अध्यक्ष माधवकुमार नेपालबाट टीका लगाउँदै गैरे नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका हुन् । गैरे तत्कालै नवगठित एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालको सल्लाहकारमा चयन भए ।

गैरेले वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानका लागि एकीकृत समाजवादीमा प्रवेश गरेको बताए । गैरेलाई कतिपयले संघको आगामी निर्वाचनमा संगठनले अध्यक्षको उम्मेदवार बनाउने टिप्पणी गरेका छन् । संघको प्रथम उपाध्यक्ष भइसकेका गैरेले अध्यक्षको उम्मेदवार छान्ने क्रममा पक्षपात गरेको गुनासो गर्दै आएका छन् ।

संघका पुर्व अध्यक्ष हंशराज वाग्ले पनि सोही पार्टीमा सक्रिय छन् । शुक्रबारको भेलामा पनि वाग्ले सक्रिय देखिन्थे ।


## सुचना ! सुचना !! सुचना !!!

**श्री सम्पुर्ण सदस्य महानुभावहरु,**

**एकीकृत साधारण सभा सम्बन्धमा**

हेल्लो कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर महानगरपालिका वडा नं ५ लगनखेल, ललितपुर (दर्ता नं २६५३।०६६।०६७) र नयन बहुउद्देश्यीय सहकारी संस्था लि. ललितपुर महानगरपालिका वडा नं. १५, सातदोबाटो, ललितपुर (दर्ता नं ९४५।०६९।०७०) विच एकीकरण गर्न बनेको दुबै संस्थाको एकीकरण कार्यदल (उपसमिति) को मिति २०७८।०६।०१ गते शुक्रबार दिउँसो २ बजे सिद्धार्थ कटेज, तिनकुने, काठमाडौंमा बसेको संयुक्त बैठकको निर्णय बमोजिम तपसिल बमोजिम प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न तपसिल बमोजिम मिति र स्थानमा **एकीकृत साधारण सभा** बस्ने भएकोले हेल्लो कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. र नयन बहुउद्देश्यीय सहकारी संस्था लि. का सम्पुर्ण सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समयः**
**मिति** :- २०७८ आश्विन १६ गते, शनिबार
**समय** :- बिहान ७ बजे
**स्थान** :- ट्रिनिटी होटेल, खुमलटार, ललितपुर

**एकीकृत साधारण सभामा छलफलका विषयहरु ।**
१) संस्था एकीकरण तथा नामाकरण गर्ने सम्बन्धमा ।
२) सञ्चालक समिति र लेखा समितिको पद विभाजन सम्बन्धमा ।
३) आर्थिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४) अख्तियार प्रत्यायोजन गर्ने सम्बन्धमा ।
५) आ.व २०७८।०७९ को लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्वन्धमा ।
६) सम्बधित निकायमा कागजात पेश गरि एकीकरण सम्पन्न गर्ने सम्बन्धमा ।
७) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
८) विनियम पुर्नलेखन सम्बन्धमा ।
९) विविध ।

**फूनश्च :-**
माथि उल्लेखित विषयका अतिरिक्त संस्थाको हितका लागि कुनै सुझाव भएमा २०७८ आश्विन १३ गते भित्र दुबै संस्थाको कार्यालयमा लिखितरुपमा दर्ता गराउनुहुन अनुरोध गरिन्छ ।

**हेल्लो कञ्चनजंघा साकोस लि.**
**ललितपुर महानगरपालिका - ५**
**लगनखेल, ललितपुर**
**फोन नं : ४२६५८११**

**नयन बहुउद्देश्यीय सहकारी संस्था लि.**
**ललितपुर महानगरपालिका - १५,**
**सातदोबाटो, ललितपुर**
**फोन नं : ५१५१६२३**



## QATAR मा रोजगारको अवसर

कम्पनीः INTERNATIONAL MEDICAL CO. शहरः Doha
पूर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३३०८ L.T. No.: 245959

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaner Worker | 11 | 0 | | 1000 | ३२,२२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ९ गते (25 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु.७००/- कामदारले तिर्ने | रु.१,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १४९३/०७४/०७५

**H. R. WORLD SERVICE PVT. LTD.**
Old Baneshowr -9 Kathmandu. Contact No: 4465793, 9807906144



**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**वीरेन्द्रनगर, सुर्खेत**

## खरिद सम्झौताको म्याद थप सम्बन्धि अत्यन्त जरुरी सूचना

**प्रकाशन मितिः २०७८/०६/०२**

प्रस्तुत विषयमा यस निर्देशनालय मातहतका म्याद समाप्त भई कार्य सम्पन्न नभएका ठेक्काहरुमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/०५/०३ गतेको निर्णयानुसार थप हुन दावी लाग्ने निर्माण व्यवसायीहरुको निवेदनका साथ आवश्यक पर्ने कागजातहरु (अध्यावधिक गरिएको कार्यसम्पादन जमानत, अग्रीम बैंङ्क जमानत, बीमा, परिमार्जित कार्ययोजना तालिका, थपिएको समयमा कार्य सम्पन्न गर्ने प्रतिवद्धता पत्र) संलग्न गरि सात (७) दिनभित्र निर्देशनालयमा उपस्थित भई म्याद थपको कारण नेपाल सरकारको दायित्व नबढ्ने सुनिश्चितता प्रयोजनार्थ व्यवस्थापन बैठक माईनुट हस्ताक्षर गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । समयभित्र कागजात पेस हुन नआई म्याद थपको प्रक्रिया समयमा अगाडी बढ्न नसकेमा सम्बन्धित निर्देशनालय जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**निर्देशक**



## UAE को SEMI GOVT. कम्पनीमा DPS र PSBD Security Guard हरूको आवश्यकता

शनिबार पनि कार्यालय खुला रहने छ ।

कम्पनीः ETISALAT FACILITIES MANAGEMENT LLC पूर्व स्वीकृत मितिः २०७८/०६/०१ L.T. No.: 246092 चलानी नं.: ६०१६३३०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard(SIRA) | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Gauards (PSBD) | 200 | 0 | | 2000 | ६३,८८० | | | | | | | |

PSBD को हकमा Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।
DPS को हकमा Basic Salary AED 1200 र Other Allowance AED 1060 सहित AED 2260 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई DPS को हकमा ५ फिट ५ ईन्च र PSBD को हकमा ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

- अन्तर्वार्ता होटल रेड कार्पेट चितवन, भरतपुरमा र स्वस्तिक कटेज बाँके, नेपालगञ्जमा, २०७८ असोज ८ गते (24 September 2021) मा हुनेछ ।
- अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा र होटल इन टुरिष्ट, इटहरी, सुनसरीमा २०७८ असोज ९ गते (25 September 2021) मा हुनेछ ।
- अन्तर्वार्ता होटल दिव्यश्री, पोखरा, कास्कीमा र स्वस्तिक कटेज, बाँके, नेपालगञ्जमा २०७८ असोज १० गते (26 September 2021) मा हुनेछ ।
- अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा र होटल इन टुरिष्ट, इटहरी, सुनसरीमा २०७८ असोज ११ गते (27 September 2021) मा हुनेछ ।
- अन्तर्वार्ता होटल मुनटावर, बिर्तामोड, झापामा र मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा २०७८ असोज १२ गते (28 September 2021) मा हुनेछ ।
- अन्तर्वार्ता होटल दिव्यश्री, पोखरा, कास्कीमा र होटल मुनटावर, बिर्तामोड, झापामा तथा मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा २०७८ असोज १३ गते (29 September 2021) मा हुनेछ ।
- अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारीचोक, सामाखुसीमा र होटल दिव्यश्री, पोखरा, कास्कीमा तथा होटल मुनटावर, बिर्तामोड, झापामा, २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।
- अन्तर्वार्ता होटल दिव्यश्री, पोखरा, कास्कीमा र मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा तथा होटल इन टुरिष्ट, इटहरी, सुनसरीमा २०७८ असोज १५ गते (01 November 2021) मा हुनेछ ।
- अन्तर्वार्ता होटल मुनटावर, बिर्तामोड, झापामा र मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा तथा होटल २०७८ असोज १६ गते (02 November 2021) मा हुनेछ ।
- अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा र होटल दिव्यश्री, पोखरा, कास्कीमा, २०७८ असोज १७ गते (03 November 2021) मा हुनेछ ।
- अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा, २०७८ असोज १८ गते (04 November 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५

**STARIS HR SERVICES PVT. LTD.**
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203
Mob.: 9851320076, 9851176848, 9851172289, 9841669779, 9844479079, 9851139394, 9801458705, 9804372357, 9869054327, 9858022551, 9802909595, 9827163906



## कतारमा रोजगार

कम्पनीः DICOTECH QATAR WLL शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३३०७ LT. No.: 244999

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 55 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1700 | ५४,७७४ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ९ गते (25 Sept. 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ६६०/०६३/०६४

**कोड इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
घर नं.: १३८, सुरुचिमार्ग, नयाँबानेश्वर, काठमाण्डौ, नेपाल
फोनः ४७८५८७५, ४७८२२४०, ९८०११२६८४२,
Email: admin@codehrnepal.com | Url www.codenepal.com.np

# नगर विकासको अवैध जग्गा लिने झण्डै दुई सय जनामाथि छानविन

## पत्रकारदेखि नेता कार्यकर्तासम्म संलग्न

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १ असोज

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन महेन्द्रनगर नगर विकास समितिको अवैध जग्गा कारोबारमा छानविन शुरु गरेपछि संलग्नलाई कानूनी कारबाही हुने आश पलाएको छ । अख्तियारले उजुरी परेपछि छानविन नहुँदा स्थानीयस्तरमा जग्गा कारोबारमा संलग्नलाई कारबाही नहुने आशंका उब्जिएको थियो ।

अख्तियारले भदौ तेस्रो सातादेखि अवैध जग्गा कारोबारमा छानविन अघि बढाएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयका उप सचिव ओमप्रकाश अर्यालय नेतृत्वको टोलीले अवैध जग्गा कारोबारमा छानविन अघि बढाएको छ । अहिले टोलीले जग्गा कारोबार सम्बन्धी आवश्यक जानकारी संकलन गर्ने कार्य गरिरहेको छ । अहिले नगर विकास समिति भीमदत्त नगरपालिका मातहत आएर भीमदत्त नगर विकास समिति भएको छ । नगर विकास समिति स्थानीय तहमा आउन अघिका अवैध जग्गा कारोबारमा अख्तियारले छानविन अघि बढाएको हो ।



तत्कालीन नगर विकासले कानून मिचेर लिज र टिप्पणीमा दिएको जग्गा सम्बन्धी अख्तियारले छानविन अघि बढाएको छ । त्यसमा कानून मिचेर एक सय ४४ जनाले लिज र ३६ जनाले टिप्पणी (तोक आदेश) मा जग्गा लिएका छन् । जग्गा लिनेमा राजनीतिक दलका नेता, कार्यकर्ता, पत्रकार, शिक्षक, व्यापारी, ठेकेदार, कर्मचारी लगायत विभिन्न क्षेत्रका छन् ।

अख्तियारले छानविन शुरु गरेपछि जग्गा लिनेहरुमा त्रास फैलिएको छ । अख्तियारको छानविन रोक्न केहीले पार्टी समेत परिवर्तन गर्न थालेका छन् । केहीले अख्तियारको छानविन रोक्न शीर्ष नेतालाई समेत गुहार्न पुगेका छन् । केहीले सार्वजनिक रुपमा अख्तियारको छानविनले केही नहुने चेतवानी दिएका छन् ।

अख्तियारका उप सचिव बराल नेतृत्वको टोलीमा चार सदस्य छन् । टोलीले नगर विकास समितिबाट जग्गा कारोबार सम्बन्धी सबै कागजात नियन्त्रणमा लिएको छ । मालपोत र नापी कार्यालयबाट पनि नगर विकास समितिको जग्गा कारोबार सम्बन्धी कागजात माग गरिएको छ । अहिले जग्गा लिने व्यक्तिहरुसँग सोधपुछ अघि बढाइएको छ । २०३५ साल जेठ २० मा गठन भएको तत्कालीन महेन्द्रनगर नगर विकास समिति अहिले भीमदत्त नगरपालिका मातहत छ । ६ सय ३८ बिगाहा ६ कठ्ठा ८ धुर जग्गामध्ये हालसम्म ५ सय ७२ बिगाहा जग्गा बिक्री गरिएको छ । हाल नगर विकास समितिसँग ६६ बिगाहा जग्गा मात्रै बचेको छ ।

२०३५ सालदेखि हालसम्म विभिन्न राजनीतिक दलमा आवद्ध व्यक्ति अध्यक्ष भएका बखत प्रचलित ऐन, कानूनको उल्लंघन गरेर आफूखुसी जग्गा बिक्री गरिएको भन्दै छानविन गरेर दोषीलाई कारबाहीको माग गर्दै अख्तियारमा उजुरी परेको थियो । नगर विकास समितिले प्रक्रिया मिचेर आफ्नो स्वामित्वमा रहेको महेन्द्रनगर बजार क्षेत्रको तीन बिगाहा जग्गा लिज र पाँच बिगाहा जग्गा भाडामा दिएको दाबीसहित कारबाही गर्न माग गर्दै अर्को उजुरी पनि अख्तियारमा परेको छ । यो प्रकरणसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतमा पनि विचाराधीन छ ।

हाल नगर विकास समितिको स्वामित्वमा बाँकी रहेको ६६ बिगाहा जग्गा मध्येबाट तीन बिगाहा लिज र पाँच बिगाहा जग्गा भाडामा दिइएको छ ।

भाडामा दिएको क्षेत्रमा कच्ची संरचना बनाउनुपर्ने सम्झौता विपरीत सम्बन्धित व्यक्तिले पक्की संरचना बनाउँदा समेत नगर विकास समिति मौन बसेको भन्दै यसअघि विरोध समेत भएको थियो ।

डोजरको प्रयोग गरेर केही संरचना भत्काए पनि अहिले पक्की संरचना बनाउने काम रोकिएको छैन । राजनीतिक दलका नेता, जग्गाका माफिया र कर्मचारीहरुको समेत मिलेमतोमा नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा जथाभावी बिक्री वितरणदेखि लिजमा दिइएको आरोप लाग्ने गरेको छ ।

अख्तियारको टोलीले साविक महेन्द्रनगर नगर विकास समितिसँग सम्बन्धित विभिन्न समयमा परेका उजुरीको एकमुष्ट अनुसन्धान गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग महेन्द्रनगरका सूचना अधिकारी हरिशचन्द्र जोशीले मध्यान्हलाई जानकारी दिए ।

## अतिजोखिममा परेका व्यक्तिलाई बाँस र निगालाको सामान बनाउने तालिम

**रामहरि रिमाल/मध्यान्ह**
नुवाकोट,१ असोज

नुवाकोटको दुप्चेश्वर गाउँपालिकामा रहेको नमुना वस्ती र वडा नम्बर ६ का अति जोखिममा परेका व्यक्तिहरुलाई लक्षित गरी बाँस र निगालाको चोयामार्फत बन्ने सामग्रीहरु निर्माण गर्ने तालिम दिइएको छ ।

स्थानीयस्तरमा खेर गइरहेको बाँस र निगालोको प्रयोगमार्फत विभिन्न सामग्री बनाएर आर्थिक आयआर्जन गराउन सहयोग पुऱ्याउने लक्ष्यसहित उक्त तालिम आयोजना गरिएको हो ।

दुप्चेश्वर गाउँपालिकाको समन्वयमा पूर्णिमा कार्यक्रमको सम्बोधन परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित उक्त कार्यक्रममा १० जना व्यक्तिहरुको सहभागिता रहेको थियो । बिहीबार १५ दिने तालिमको समापन गर्दै सहभागीहरुलाई गाउँपालिकाका उपाध्यक्ष अञ्जु आचार्यले प्रमाणपत्र प्रदान गरेकी थिइन् । खेर गइरहेको स्रोतसाधनको प्रयोग गरी स्थानीयलाई उद्यमी बनाउन यस तालिमको आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष योविन्द्रसिंह तामाङले जानकारी दिए ।

बेरोजगार भई बसेका व्ययक्तिहरुलाई स्थानीय स्रोतसाधन मार्फत स्वरोजगार बनाउनु तालिमको मुख्य उद्देश्य रहेको अध्यक्ष तामाङको भनाइ छ । विशेष गरी घरभान्छामा प्रयोग हुने सामग्री बनाउन तालिममा सहभागीहरु दक्ष भएको उनले बताए ।

तालिमको समापन कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिकाका उपाध्यक्ष आचार्यले तालिम प्राप्त व्यक्तिहरुले उत्पादन गरेका सामग्रीहरुको बजार व्यवस्थापन गर्नलाई समन्वय गर्ने प्रतिबद्धता जनाइन् । तालिमका सहभागीहहरुलाई सिकेको सीपलाई व्यवहारिक रुपमा अघि बढाएर आय आर्जनको बाटोमा लाग्न उपाध्यक्ष आचार्यले आग्रह गरिन् ।

## मलेसियामा मोनामार्फत संगठित भए म्याग्देली

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १ असोज

वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा पुगेका प्रवासी म्याग्देलीहरु एकजुट भएका छन् । प्रवासमा परेका हरेक दुःख सुखमा साथमा रहन र म्याग्दी जिल्लालाई थप समृद्ध बनाउने अभिलासासहित मलेसियामा सामाजिक संस्थाको रूपमा म्याग्दी प्रवासी नेपाली संघ (मोना) मलेसिया आधिकारिक रूपमा गठन भएको छ ।




भर्चुअल माध्यमबाट सम्पन्न पहिलो भेलाबाट रामचन्द्र केसी (आर.सी.खत्री)को अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । समितिको उपाध्यक्षमा छम बहादुर साही, सचिवमा यज्ञ दत्त आचार्य, सहसचिवमा विनय कुमार बिक र कोषाध्यक्षमा अनिल खत्री चयन भएका छन् । त्यस्तै कार्यसमितिका सदस्यहरूमा हेम बहादुर बानियाँ, यामलाल शर्मा, दमन पुन, रमेश केसी, दुर्गा बहादुर केसी, कर्ण बहादुर पुर्जा, जोगिन्द्र श्रिस मगर, गणेश कुमार महत, चित्र फगामी मगर, पूर्ण रोका, होम बोहरा क्षत्री र सन्तोष किसान रहेका छन् । भेलाले संघको संरक्षकमा बम बहादुर सुनार र सल्लाहकारमा लाल बहादुर रोकालाई मनोनित गरेको छ । मोना आईईसीका अध्यक्ष ओम जुग्जालीको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनमा आईईसीका महासचिव विक्रम कार्कीको विशेष आतिथ्यता तथा संयोजन रहेको थियो । प्रवासमा रहेका सबै म्याग्देलीहरुलाई एकै छाना मुनी समेट्दै समृद्ध म्याग्दीका परिकल्पनालाई साकार पार्न मोना मलेसियाको गठन गरिएको महासचिव कार्कीले बताए । यज्ञदत्त आचार्यले सहजीकरण गरेको कार्यक्रममा छम बहादुर शाहीले स्वागत मन्तव्य राखेका थिए भने अधिवेशनको सभापतित्व तदर्थ समितिका संयोजक रामचन्द्र केसीले गरेका थिए ।

## फलफुल बजार सब्सिडियरी कम्पनी लि.

**साधारण सभा सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७८/०६/०२**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति असोज ०२,२०७८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनहुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : असोज २२, २०७८
समय : बिहान ११:०० बजे, शुक्रबार
स्थान : कम्पनीको कार्यालय, का.म.न.पा १४, काठमाडौं ।

**क) साधारण प्रस्तावहरु**

१) संचालक समितिको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
३) आ.व. २०७८/०७९ को लागि लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**संचालक समितिको आज्ञाले**
(कम्पनी सचिव)

## कम्पनीको नाम, ठेगाना र लोगो परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०६/०२**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय नियम अनुसार साविकको **ड्रिफ्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., (बनेपा)** को नाम र ठेगाना परिवर्तन गरि **ड्रिफ्ट इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि., (कामनपा-३२)** भएको साथै कम्पनीको लोगो समेत परिवर्तन भएको यहाँहरुमा जानकारी गराउदछौं ।

**ड्रिफ्ट इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.**
का.म.न.पा-३२, पेप्सीकोला

## कतारमा रोजगार | कम्पनीः FABTECH SERVICES W.L.L. शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३३०३ L.T. No.: 245988

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ९ गते (25 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069

## साउदीमा रोजगार | १. कम्पनी : KEMPINSKI AL OTHMAN HOTEL CO. LTD. शहरः DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३३०१ LT. No.: 245873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labors | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : KHALID OBAID DARWESH AL RASHIDI GENERAL CONTRACTING EST शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३२९९ LT. No.: 245875

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Transport Services Supervisor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 10 | 0 | | 1000 | ३१,२८० | | | | | | | |
| 3. | WOrker | 4 | 0 | | 1000 | ३१,२८० | | | | | | | |
| 4. | Vehicle Tyre Repairer | 5 | 0 | | 1200 | ३७,५३६ | | | | | | | |

३. कम्पनी : SHAWARMAJI MEALS PROVIDE COMPANY (ONE PERSON COMPANY) शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३३०० LT. No.: 245874

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 35 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ९ गते (25 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

